दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १०७ | बुटवल | २०८३ बैशाख ०४ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday April 17, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**राम्रो घडेरी बिक्रीमा**

तिलोत्तमा-१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला।

सम्पर्क नम्बर: ९८०१८२७९५०


# नक्कली नोटसहित चार जना नियन्त्रणमा



बुटवल । रूपन्देही जिल्लाका विभिन्न स्थानमा नेपाली नक्कली नोटको अवैध कारोबार र ओसारपसार भइरहेको विशेष सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय रूपन्देहीले ठूलो सफलता प्राप्त गरेको छ। विशेष सुराकीका आधारमा खटिएको प्रहरी टोलीले निगरानी र अपरेसनका क्रममा फरक स्थानबाट चार जनालाई नक्कली नोटसहित पक्राउ गरी सार्वजनिक गरेको छ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्दका अनुसार प्रहरीले गत चैत २२ गते सिद्धार्थनगर नगरपालिका-५, भैरहवा र चैत २६ गते सैनामैना नगरपालिका-१० स्थित भच्कैया क्षेत्रबाट उनीहरूलाई नियन्त्रणमा लिएको हो।

पक्राउ पर्नेहरूमा कपिलवस्तुको वाणगंगा नगरपालिका-२ का ३६ वर्षीय विष्णु श्रेष्ठ, नवलपरासी पूर्व देवचुली नगरपालिका-१५ का २८ वर्षीय सुजन खनाल (मुक्तिप्रसाद खनाल), सिन्धुपाल्चोक चौतारा साँगाचोकगढी नगरपालिका-८ का ३५ वर्षीय रोलबहादुर श्रेष्ठ र काठमाडौं बूढानीलकण्ठ नगरपालिका-९ का ५३ वर्षीय दीपेन्द्र थापा रहेका छन् । प्रहरीले उनीहरूको साथबाट रु १,००० दरका २१ थान नक्कली नेपाली नोट बरामद गरेको छ । बजारमा नक्कली नोटको बिगबिगी बढेको जनगुनासो आएपछि प्रहरीले सूक्ष्म निगरानी बढाएको थियो, जसका क्रममा यी व्यक्तिहरू शङ्कास्पद अवस्थामा फेला परेका थिए।

प्रारम्भिक अनुसन्धानका क्रममा यो गिरोहले सिमानाका र मुख्य व्यापारिक केन्द्रहरूलाई लक्षित गरी नक्कली नोट खपाउने योजना बनाएको हुनसक्ने आँकलन गरिएको छ। बरामद गरिएका नोटहरूको गुणस्तर र बनावट हेर्दा सर्वसाधारणलाई सहजै झुक्क्याउन सक्ने प्रकृतिका रहेका छन्। पक्राउ परेका व्यक्तिहरू कुन उद्देश्यले र कहाँबाट यी नोटहरू ल्याएका हुन् भन्नेबारे प्रहरीले अनुसन्धान अगाडि बढाएको छ। हाल उनीहरूलाई हिरासतमा राखी कानुनी प्रक्रिया अगाडि बढाइएको छ । जिल्ला प्रहरी कार्यालय रुपन्देहीले यस्ता अवैध गतिविधि रोक्न र आर्थिक कारोबारमा सुरक्षा सुनिश्चित गर्न नागरिकहरूलाई पनि सचेत रहन आग्रह गरेको छ।

# सरकारी छाप दुरूपयोग गरेको अभियोगमा तीन जना पक्राउ

दाङ। सरकारी छाप दुरुपयोग गर्नुका साथै कीर्ते हस्ताक्षर गरी चोरीका मोटरसाइकल बिक्री वितरण गर्दै आएको आरोपमा तीन जनालाई प्रहरीले तुलसीपुरबाट पक्राउ गरेको छ।

पक्राउ पर्नेमा जिल्ला सल्यान बागचौर नगरपालिका-२ बस्ने २० वर्षीय दीपक भण्डारी, सोही ठाउँका १९ वर्षीय सरोज घर्ती मगर र १९ वर्षीय राजन विष्ट रहेको जिल्लास्थित प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक रेशम बोहराले जानकारी दिए।

प्रवक्ता प्रहरी नायब उपरीक्षक बोहराका अनुसार वैशाख १ गते साँझ ५:०० बजे तुलसीपुर उपमहानगरपालिका-५ माछापुच्छ्रे टोलस्थित थारमारे भण्डारी होटलमा शङ्कास्पद गतिविधि भइरहेको भन्ने सूचना पाएपछि इलाका प्रहरी कार्यालय तुलसीपुरबाट प्रहरी निरीक्षकको कमान्डमा टोली खटिएको थियो।

प्रहरी टोलीले उक्त स्थानबाट निजहरूका साथबाट विभिन्न सवारी दर्ता किताब र नक्कली छाप बरामद गरिएको हो।

बरामद सामानमा बा.प्र.०२-०४६ प ३३३२ नम्बरको मोटरसाइकलको सवारी दर्ता किताब एक थान, यातायात व्यवस्था सेवा कार्यालय वीरेन्द्रनगर, सुर्खेतको 'डिजिटल' छाप एक थान, रा२प ३११५ नम्बरको सवारी दर्ता किताब एक थान र बाग्मती प्रदेश ०२-०४५ प १७३० नम्बरको यामाहा भि-३ मोटरसाइकल एक थान रहेका प्रवक्ता प्रहरी नायब उपरीक्षक बोहराले जानकारी दिए।

प्रहरीले उनीहरूविरुद्ध लिखतसम्बन्धी कसुरमा जिल्ला अदालत घोराहीबाट पाँच दिनको म्याद थप अनुमति लिई थप अनुसन्धान अघि बढाएको जनाएको छ।

# भैरहवा भन्सारमा चैतमा १०९ प्रतिशत उठ्यो राजस्व




**मोहम्मद हबिब**

*भैरहवा*

मुलुककै दोस्रो ठुलो र लुम्बिनी प्रदेशको पहिलो भन्सार नाका भैरहवा भन्सार कार्यालयले चैत्र महिनाको लक्ष्य पार गरेको छ। यो आर्थिक वर्षको पहिलो महिनामा लक्ष्यभन्दा २ प्रतिशत बढी राजस्व संकलन गरेको भन्सारले अरु महिनामा लक्ष्य पार नगरे पनि चैत्रको लागि पाएको लक्ष्य ९ अर्ब ७३ करोडमध्ये १० अर्ब ६७ करोड राजस्व संकलन गरेको हो।

४ वर्षदेखि वार्षिक लक्ष्य पार गर्न नसकेको भैरहवा भन्सारले भने २०८२-८३ को पहिलो महिनामा पाएको ८ अर्ब ८४ करोड ८५ लाख लक्ष्यमा ९ अर्ब २ करोड ७२ लाख अर्थात १ सय २ प्रतिशत राजस्व संकलन गरेको थियो । वर्षेनी बढ्दो लक्ष्य र केही नितिगत कारणले ४ वर्षको अवधिमा एक महिनामा मात्रै राजश्व संकलन लक्ष्य पार भएको थियो । २०७८ पुस ५ गतेबाट लागु भएको अनिवार्य प्रतित पत्र (एल.सी.) खोलेर शतप्रतिशत र दुई वटा शीर्षकमा ५० प्रतिशत नगद मार्जिन राख्नु पर्ने व्यवस्था गरेसँगै आयातमा कमी हुँदै आएकोमा २०८१ को असोज महिनापछि अहिले २०८२ साउनमा कार्यालयले विभागबाट पाएको लक्ष्य पार भएको भैरहवा भन्सार कार्यालयले जानकारी दिएको छ।

कार्यालयका अनुसार सरदर अहिले ९४ प्रतिशत राजस्व असुली भइरहँदा पहिलो महिनापछि चैत्रमा लक्ष्य पार भएको छ। गत वर्ष चैत्र महिनामा ८ अर्ब २३ करोड ५२ लाख राजस्व संकलन भएकोमा त्यसको २९ प्रतिशत बढी राजस्व संकलन भएको छ।

राजस्व लक्ष्य योगदान गर्नेमा सबैभन्दा बढी मोटरसाइकल, जीपकार भ्यान, पेट्रोल, डबल क्याब पिकअप, विद्युतीय जीपकार भ्यान, स्पोन्ज र फेरस आइरन, एमएस विलेटलगायतका बस्तु पैठारी भएका छन्।

कार्यालयलाई भन्सार विभागले आर्थिक वर्ष २०८२/०८३ का लागि एक खर्ब १३ अर्ब ६६ करोड ६८ लाख १९ हजार राजस्व संक्लन लक्ष्य दिएकोमा हालसम्म ७८ अर्ब ४९ करोड राजस्व संकलन भएको भैरहवा भन्सार कार्यालय प्रमुख हरिहर पौडेलले बताए। चैत्र मसान्तसम्म भन्सारलाई ८२ अर्ब ७९ करोड लक्ष्य रहेकोमा हालसम्म ९४ प्रतिशत राजस्व संकलन भएको छ।

कार्यालय साउनमा १०२ प्रतिशत, भदौमा ९७, असोजमा ९२, कार्तिकमा ८२, मंसिरमा ९३, पुषमा ८२, माघमा ९९ र फागुनमा ९३ प्रतिशत राजस्व संकलन गरेको थियो । राजस्व लक्ष्य पूरा नभए पनि अघिल्लो वर्षभन्दा बढी राजस्व संकलन कार्यालयले गरेको छ।

कार्यालयका अनुसार आर्थिक वर्ष २०७७/०७८ मा लक्ष्यभन्दा १३ प्रतिशत बढी राजस्व संकलन भए पनि त्यसयता यो अनुपात घट्दै गएको थियो । आर्थिक वर्ष २०७८/०७९ मा लक्ष्यको ९१ प्रतिशत, २०७९/०८० लक्ष्यको ४९ प्रतिशत, आर्थिक वर्ष २०८०/०८१ मा लक्ष्यको ६३ प्रतिशत, आर्थिक वर्ष २०८१/०८२ मा लक्ष्यको ८७ प्रतिशत मात्रै राजस्व संकलन भएको भन्सार कार्यालयले जनाएको छ। राजस्व संकलनमा योगदान दिने मुख्य वस्तुको आयात नै खुम्चिँदा पछिल्ला आर्थिक वर्षमा लक्ष्यअनुसार राजस्व संकलन गर्न नसकेको हो।

मधेश आन्दोलन र नाकाबन्दीका बेला सहज मानिएको यो भन्सार नाका राज्यको लागि ठूलो योग्दान गरेको थियो। विस्तारै अन्य नाका सहज हुँदा सामानहरु पनि डाइभर्ट भएको छ। यहाँबाट लक्ष्य पार नहुनुको मुख्य कारण नै बाटोको समस्या रहेको भन्सारको बुझाइ छ। आन्दोलन, पूर्वाधार र सडक निर्माणलगायतको कार्यले गर्दा केही अवरोध भएको हो । राजस्वमा मुख्य योगदान दिने बस्तु आयत घट्दा राजस्व लक्ष्य प्रभावित हुने गरेको छ।

भन्सार विभागले आर्थिक वर्ष २०८२-०८३ मा भने १ खर्ब १३ अर्ब ६६ करोड ६८ लाख १९ हजारको लक्ष्य तोकेको छ।

# स्याङ्जामा उत्पादित सुन्तला बङ्गलादेश निर्यातको तयारी



**प्रकाश डोटेल**

*स्याङ्जा*

गुलियो, रसिलो र स्वादिलो पहिचान बनाएको स्याङ्जामा उत्पादित सुन्तलाले नेपालीलाई मात्रै नभएर विदेशीलाई पनि आकर्षण गरेको छ । जिल्लाका ९७ वडामध्ये झण्डै ९० वडामा सुन्तला उत्पादन हुँदै आएको छ। सिजनमा देशका ठूला शहरमा सहजै निर्यात हुँदै आएको सुन्तला अब तेस्रो मुलुक निर्यात गर्ने तयारी भएको छ।

स्याङ्जामा उत्पादित सुन्तलाको जानकारी पाएसँगै अवस्था बुझ्न बङ्गलादेशका व्यवसायीहरुको एक टोलीले स्थलगत अध्ययन गरेको छ । अर्जुनचौपारी गाउँपालिका र वालिङका नगरपालिकाका अधिक सुन्तला उत्पादन हुने स्थानको स्थलगत अध्ययन र अवलोकन गरेको व्यवसायीको टोली स्थानीय कृषकले उत्पादन गरेका सुन्तलाबाट निक्कै प्रभावित भएका छन्।

आउँदो सिजनबाट जिल्लामा उत्पादित सुन्तला बङ्गलादेशका उपभोक्ता समक्ष पुऱ्याउने अभियानमा जुटेको स्थानीय अगुवा कृषक फणिनारायण अर्यालले बताए । एक दशक पहिले आफूले सुन्तला बङ्गलादेश पठाएको जानकारी दिँदै अर्जुनचौपारी गाउँपालिका-१ थापथोकस्थित त्रिपुत्र बागवानी कृषि फार्मका सञ्चालक अर्यालले आगामी दिनमा सहज रुपमा निर्यात गर्न सकिनेमा विश्वस्त देखिए।

'तेस्रो मूलुकको रुपमा बङ्गलादेशमा नेपाली सुन्तलाको राम्रो माग छ । तर, हालसम्म सहज रुपमा निर्यात गर्न सकिएको छैन,' अगुवा कृषक अर्यालले भने-'हेफर नेपाल र हेफर बङ्गलादेशको सहकार्यमा आउँदो दिनमा सहज रुपमा निर्यात गर्ने विश्वास र आधार तयार भएको छ।' हेफर परियोजना (प्रोजेक्ट) नेपाल र हेफर परियोजना (प्रोजेक्ट) बङ्गलादेशको सहकार्यमा जिल्लाको सुन्तला बङ्गलादेश लैजाने तयारी गरिएको अर्यालले जानकारी दिए।

सुन्तला उत्पादन र वातावरणको वास्तविक अवस्था अनुगमन गर्न बङ्गलादेशको व्यवसायीको टोली जिल्लाका विभिन्न स्थानमा पुगेको थियो । अर्जुनचौपारी गाउँपालिका तथा वालिङ र गल्याङ नगरपालिकाका बिभिन्न स्थानमा पुगेको टोलीले सुन्तला उत्पादन र उत्पादन प्रक्रियाको अवस्थाका बारेमा गहिरो अध्ययन गरेको छ।

व्यवसायीहरुको टोली लिएर नेपाल आएका हेफर बङ्गलादेशका कार्यक्रम प्रवन्धक आशिक एकबालले आगामी वर्ष स्याङ्जाको सुन्तला बङ्गलादेशका उपभोक्ता समक्षा पुऱ्याउने योजना रहेको सुनाए । हेफर परियोजना लागू भएका पालिकाहरुसँगको सहकार्यमा सुन्तलाको बजारीकरण र निर्यातको काम गरिने उनको भनाइ छ।

स्याङ्जाको सुन्तलाले आफूहरुको ध्यान तानेको बङ्गलादेशका व्यवसायी गाजी ताउहिदुर रहमानले बताए । आवश्यक प्रक्रिया पूरा गरेर आउँदो सिजनबाट सुन्तला आफ्नो देशमा लैजाने तयारीमा जुटेको उनले जनाए । सुन्तला उत्पादनका लागि उत्कृष्ट वातावरण रहेको बताउँदै रहमानले उचित भण्डारणको आवश्यकता औल्याए।

» *बाँकी ३ पेजमा*




## सम्पादकीय

# ऋणको पासो

सार्वजनिक ऋणको वृद्धि डरलाग्दो ढंगले वृद्धि भएको छ। चालु आर्थिक वर्ष २०८२/०८३ को पहिलो नौ महिनामा नेपालको सार्वजनिक ऋण साढे २ खर्बभन्दा बढीले वृद्धि भएको छ । अर्थ मन्त्रालयअन्तर्गतको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सार्वजनिक गरेको चैत मसान्तसम्मको प्रतिवेदनअनुसार नेपालको कुल सार्वजनिक ऋण २९ खर्ब ३३ अर्ब ७९ करोड रुपैयाँ पुगेको छ।

विकास आयोजना निर्माण र व्यवस्थापनमा मात्रै नभई ऋणको व्याज तिर्न समेत ऋण लिनुपर्ने अवस्थामा मुलुक पुगेको छ। विकास आयोजना सञ्चालन ऋण विना सम्भव हुन छाडेको छ। अनुत्पादक क्षेत्रमा लगानी र त्यस्ता क्षेत्रमा ऋण लिएर आयोजना अघि बढाउने परिपाटीको अन्त्य नहुँदा मुलुक ऋणको पासोमा परेको छ। केही वर्षयता दुई अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भए, ती विमानस्थल चल्न सकेका छैनन् । ऋण लगानीबाट बनेका ती विमानस्थल नचल्दा लगानीको प्रतिफल पाउन असम्भव भएको छ। मुलुकमा संघीय शासन प्रणाली स्थापना भएपछि बढेको चालु खर्चले पनि समस्या पारेको छ। बढ्दो चालु खर्च नियन्त्रण गर्न सरकारको पहलकदमी आवश्यक छ।

आर्थिक वर्षको सुरु अर्थात् साउन १ गतेसम्म नेपालको कुल सार्वजनिक ऋण २६ खर्ब ७४ अर्ब ४ करोड रुपैयाँ रहेको थियो। चैत मसान्तसम्म आइपुग्दा विनिमय दरमा भएको नोक्सानीसहित कुल ऋणमा २ खर्ब ५९ अर्ब ७४ करोड रुपैयाँ थप वृद्धि भएको हो। बढेको यस ऋणसँगै अब नेपालको कुल सार्वजनिक ऋण देशको कुल गार्हस्थ्य उत्पादनको झन्डै आधा अर्थात् ४८ दशमलव ४ प्रतिशत पुगेको छ। कुल सार्वजनिक ऋणमध्ये वैदेशिक ऋणको हिस्सा बढी छ। १५ खर्ब ४५ अर्ब ६७ करोड रुपैयाँ अर्थात् कुल ऋणको ५२ दशमलव ६९ प्रतिशत र जीडीपीको २५ दशमलव ३१ प्रतिशत हो। त्यस्तै, आन्तरिक ऋण १३ खर्ब ८८ अर्ब ११ करोड रुपैयाँ छ, जुन कुल ऋणको ४७ दशमलव ३१ प्रतिशत र जीडीपीको २२ दशमलव ७३ प्रतिशत हो।

कुल ग्राहस्र्थ उत्पादनको ४८ प्रतिशत ऋण हुनु भनेको अब ऋण लिदा प्राथमिकीकरण गर भन्ने सन्देश हो। ऋण लिएर प्रतिफलमुखी आयोजनामा लगानी गर्न खबरदारी हो। ऋण लिने तर दाताको सर्तमा आयोजना अघि बढाउँदा आयोजनाको लागत अस्वभाविक बढ्दा पनि हामी समस्यामा परेका छौं। सार्वजनिक ऋणको बढ्दो ग्राफलाई न्यूनीकरण गर्न पहलकदमी नलिने हो भने ऋणको व्याज तिर्नै नसक्ने अवस्थामा पुग्ने दिन टाढा छैन। तसर्थ, ऋण लिँदा आवश्यक र प्राथमिकता प्राप्त आयोजनामा र हाम्रो स्वार्थ अनुकुलमा लिन सरकारको जोडबल हुनुपर्छ।

# साम्राज्यवादी दलालहरूका विरुद्ध आन्दोलनमा जुटौं



विनबहादुर कुँवर

कुनै कारण यिनीहरुलाई यो सामन्ती, दलाल र नोकरशाही बुर्जुवा सरकारले कारबाही नगरे पनि पछि कुनै न कुनै दिन नेपाली जनताले कारबाही गरी छाड्ने छन्। अन्त्यमा अहिले देशमा साम्राज्यवादी अतिक्रमण बढ्दो छ। राष्ट्रको अस्तित्वकै सवाल मुख्य छ। त्यसैले यो साम्राज्यवादी दलाल सरकार अनि यस्ता दलाल पार्टीहरुको विरुद्ध सम्पूर्ण वामपन्थी, देशभक्त तथा जनवादी र राष्ट्रप्रेमी सब दल, संगठन र जनसमुदाय एक भई आन्दोलनमा जुटौं।

अहिले जेनजी आन्दोलन र रास्वपाको कारण नेपाली कांग्रेस पार्टी विभाजित भएको छ। गगन र देउवा गुटकाबिच छुट्टाछुट्टै भेला, छुट्टाछुट्टै मिटिङ एकले अर्कालाई कारबाही, निष्काशन गर्ने बताउन थालेका छन्। सुरुदेखि नै गगन पक्ष जेनजी आन्दोलन र रास्वपाप्रति अलि नरम देखिंदै आयो भने देउवा पक्ष अलि आक्रमक हुने गरेको थियो। ठीक फेरि जेनजी र रास्वपा पनि त्यस्तै गगन पक्षलाई भन्दा बढी आक्रमक देउवा पक्षपट्टि हुने गरेको छ। एक प्रकारले कांग्रेसी गगन गुट एमालेप्रति बढी आक्रमक र रास्वपाप्रति अलि बढी लचिलो नै हुँदै आयो। उनीहरुको चुनावी अभियान नै यस्तै भयो। चुनावी मूल प्रतिस्पर्धात्मक एमालेसितै हुने र पहिलो पार्टी बन्ने दाऊमा गगन पक्ष देखिएको थियो। तर गएको चुनावी परिणामले यसको ठीक उल्टो रास्वपाको रहस्यात्मक चुनावी भेलले देउवा पक्षलाई मात्रै होइन, गगन पक्षलाई पनि बढारिदियो। स्वयं गगनले नै नराम्रोसँग चुनावी पराजय भोग्नु पऱ्यो।

सम्भवतः गगन पक्षले विशेष महाधिवेशन नगरी देउवा पक्षकै नेतृत्वमा त्यो चुनावी अभियानमा गएको भए कांग्रेसले यस प्रकारको नराम्रो पराजय भोग्नु पर्ने स्थिति अलि नहुन पनि सक्थ्यो। अर्थात् कांग्रेस, एमाले र नेकपाबीच चुनावी गठबन्धन, तालमेल हुने स्थिति पनि रहन सक्थ्यो। यदि त्यसो हुन सकेको भए रास्वपाको यस प्रकारको विजय अलि हुने थिएन। तर गगन गुटलाई लागेको थियो एमाले र नेकपाहरुसँग यस प्रकारको चुनावी तालमेल गर्नु कांग्रेस सिद्धिनु हो। तै पनि कांग्रेस बचेन सिद्धियो नै। यसका पछाडिको मूल कारण जेनजी आन्दोलन र रास्वपालाई हेर्ने बुझ्ने दृष्टिकोण नै गलत हुनु हो।

पहिलो कुरा रास्वपाकै गठन अनि यसको विकास नै एक प्रकारले नाटकीय रुपमा भएको थियो। त्यस्तै जेनजी आन्दोलन पनि त्यस्तै नाटकीय पाराले भयो। उक्त आन्दोलनप्रति रास्वपाको भूमिका रवि लामिछानेको जेल फरार अनि पछि एकाएक बालेन, रवि र कुलमानबिचको पार्टी एकता यी आदि घटनाक्रम सबै नाटकीय अझभन्दा रहस्यात्मक र प्रायोजित नै थिए। स्वयं तत्कालीन सुशीला कार्की नेतृत्वको सरकार नै यस्तै नाटकीय रुपमा निर्माण भएको थियो। एकाएक नेपाली सेना अनि केही जेनजी अगुवाहरुले नै त्यतिबेलै बालेनलाई प्रधानमन्त्रीको जिम्मेवारी लिन भनेका थिए। तर त्यसलाई अस्वीकार गरेर स्वयं बालेनले नै सुशीला कार्कीलाई प्रमको प्रस्ताव गरेका थिए। यो सब रहस्यात्मक र नाटकीय शैलीमा भइरहेको थियो। अन्ततः अहिले यो सबको रहस्य र नाटकको पर्दाफास भइसकेको छ। अमेरिकी साम्राज्यवादी डिजाइजनअन्तर्गत बारबारा फाउण्डेशन,टिओबीलगायतकाविभिन्न खाले एनजीओको लामो तयारी र योजनाअन्तर्गत भएको स्पष्ट छ। जेनजी जुन शब्द छ यो नै नेपाली होइन। यो आयतित शब्द हो। जसलाई पश्चिमा साम्राज्यवादीहरुले निर्माण गरेर विश्वव्यापी बनाए। विश्वका साना कलिला युवा पिंढीहरुको चाहना र भावनालाई उकासेर उनीहरुको कलिलो युवा जोशलाई यहाँसम्मकि सत्ता नै कब्जा हुने स्थितिसम्म पुऱ्यायो। आखिर यो सबका पछाडि अमेरिकी साम्राज्यवादी स्वार्थ चीनलाई घेर्ने र भारतलाई उकास्ने अनि नेपालको स्वतन्त्र सार्वभौम अस्तित्वमाथि खेलवाड गर्दै नेपाललाई युक्रेन बनाउने। एमसीसी परियोजना त्यसपछि एसपीपी यी आदि सबै यसैको लागि हो। यी सबैको अमेरिकी योजना र डिजाइन कुनै लुकाइएका कुरा होइनन् हाका हाकी अमेरिकी सरकारी मिडियाहरु कर्मचारीहरुले बताउँदै आइरहेका छन्। आखिर यस्ता अमेरिकी योजना र सहयोग केका लागि हो ? इराक, अफगानिस्तान अनि हालको युक्रेन र भेनेजुएला अफगानिस्तान अनि हालको युक्रेन र इरानलाई बुझे भइहाल्छ। तैपनि कांग्रेसी गगन गुट, एमाले विष्णु पौडेल गुट, नेकपा प्रचण्ड र माधव गुट भने रास्वपाको पिछलग्गु भई हिंडिरहेका छन्। जेनजीको समर्थन अनि रास्वपा फेरो समातेर यिनीहरुबाट केही झर्ला र खाउँला भनी त्यसैको दलाली गर्दै बसिरहेका छन्।

जेनजी आन्दोलन र रास्वपाकै कारण कांग्रेस विभाजित भइसकेको छ, अब यस्तै विभाजित हुने अवस्था एमालेभित्र पनि देखिन थालेको छ। विशेष महाधिवेशनको माग हुन थालेको छ। एमाले अध्यक्ष ओलीको गिरफ्तारी अनि बिरामीको मौका छोपी पार्टीको फरक मत पक्ष सुरेन्द्र र योगेश गुट यसमा अलि बढी सल्बलाउन थालेको छ। केही दिन पहिले सदनमा एमाले उपाध्यक्ष रामबहादुर बादलले दिएको भाषणबाट चिडिदै स्वयं अर्का एमाले उपाध्यक्ष विष्णु पौडेलसमेत अहिले उक्त गुटमा समावेश होलान् जस्तो देखिंदैछ। अवसरवादको कुनै नीति सिद्धान्त र कार्यक्रम केही हुँदैन। ताक परे तिवारी नत्र गोतामे जता हावा बहन्छ त्यतै लसिने चरित्र अवसरवादीहरुको हो।

आज नेपालमा पश्चिमी साम्राज्यवादी विषाक्त हावा जोडतोडले बगिरहेको छ। त्यसैको प्रभावमा जेनजी आन्दोलन, सरकार र दलहरु निर्माण भइरहेका छन्। आजसम्म कुन न कुनै रुपले सत्ताको निकट रहँदै खाई पाई आएकाहरुलाई ठूलो संकट परेको छ। यस अर्थमा वर्तमान सत्ता सरकारको विरोध होइन दलाली र चाकडी गरेर केही पाउने आशामा आज यी सबै दलका अवसरवादी गुटउपुगटहरु देखा पर्दैछन्। कांग्रेसी सिंगो गगन गुट, नेकपाको सिंगो प्रचण्ड, माधव र एमालेको सुरेन्द्र, योगेश अनि विष्णु पौडेल र बासुदेव गुट आदिहरुको दैनिक नै यस्तै छ। पार्टी नेतृत्वको विरोध गर्ने नाममा जेनजी आन्दोलन र बालेन-रवि, घण्टी दलको घुमाई फिराई समर्थनमा सहयोग जुटाउँदै एमालेलाई पनि घण्टी पार्टीकै पिछलग्गु बनाइने छाँटकाँट हुँदैछ।

यसको अर्थ कांग्रेसी देउवा र एमाले ओली गुट राम्रा र सही छन् भन्ने पटक्कै होइन। जेनजी आन्दोलनको लगत्तै ओलीले प्रधानमन्त्रीबाट मात्रै होइन पार्टी नेतृत्वबाट नै हटी बस्न हामीले भनेका थियौं। अझ पछि यस्तो चुनावी परिणामपछि त ओली पार्टी नेतृत्वमा एक दिन र एक घण्टा पनि बस्ने नैतिकता नहुनु पर्ने हो। पश्चिमा साम्राज्यवादी डिजाइनमा सञ्चालित यस्ता आन्दोलन, सरकार र दलहरुको कुनै पनि फेरो नसमाती स्वतन्त्र रुपले देशको राष्ट्रियता र स्वाभिमानको पक्षमा सतिसाल जस्तै ठिंग उभिएर देउवा, ओली साथै गगन, प्रचण्ड, माधव बाबुरामहरुको साथसाथै अरु यस्ता जोसुकैको विरोध गरी अघि बढ्नु नै देश र जनताको हितमा छ। राम बहादुर थापा बादलले उक्त दिन सदनबाट जुन शब्द वाण प्रहार गरेका थिए। त्यो एकदमै समसामयिक ठीक स्थान र ठीक बेला भनेका थिए। अमेरिकी डिजाइनमा स्वयं नेपाली सेनाको भूमिकाप्रति जुन उनले टिप्पणी गरे। त्यो देशको राष्ट्रिय स्वाभिमानका लागि ऐतिहासिक महत्वको विषय हो र बनिरहनेछ।

त्यसको चोट र प्रहार त प्रम बालेन, रवि र घण्टी पार्टीका नेता आसेपासे आदिलाई पर्नु पर्ने थियो। तर उल्टो अचम्म त्यसको चोट त उनकै दल एमालेका उपाध्यक्ष विष्णु पौडेल, बासुदेव, योगेश र सुरेन्द्रहरुमाथि परे जस्तो गरी बादलको चर्को विरोध गर्दै रुवाबासी गरिरहेका छन्। पार्टीकै स्थायी समितिको बैठक नै बोलाएर बादलको विरोध गर्न समेत पछि परेनन्। बरु घण्टी पार्टीका नेताहरुले त्यसलाई सुनेको न सुनै जस्तो गरी त्यसलाई कुनै महत्व नै दिएनन्। दिउन पनि किन ? साम्राज्यवादी लहरो त नेपालका हरेक पार्टी, संगठन सहर गाउँबस्ती चारैतिर फैलाई सकिएको छ। लहरो तान्दा पहरो नै खस्ने हो कि भन्ने आसयका साथ यी सबै चुप लागि बसेका छन्। बरु आफूले बडार्नु पर्ने कसिङ्गरलाई हावाले उठाएपछि कस्तो हाई सञ्चो घण्टी पार्टीका नेताहरुलाई। आफ्नै दल एमालेका त्यसमा पनि उपाध्यक्ष नै भएका विष्णु पौडेलले त्यसको विरोध मात्रै होइन कांग्रेसी गगन गगुटले जस्तै विशेष महाधिवेशन बोलाई कांग्रेसी देउवालाई जस्तै एमाले अध्यक्ष ओलीलाई पत्तासाफ गर्ने दाउँ फरक मतवाला एमाले गुटको छ।

कांग्रेस, एमाले, नेकपाका अर्थात् कांग्रेसी गगन गुट, एमाले, विष्णु, सुरेन्द्र र योगेश गुट साथै नेकपा प्रचण्ड, माधव गुटको यो पिछलंगु राजनीतिको मूलकारण भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादसितको आत्मसमर्पण नै हो। किनभने यी सबै कुनै न कुनै भ्रष्टाचारी घटना मुछिएका छन्। केपी र देउवा जस्तै कारबाहीमा परिन्छ कि भन्ने ठूलो डर यिनीहरुलाई छ। आखिर यिनीहरुले साम्राज्यवादी दलालहरुको जतिसुकै चाकडी र दलाली गरे पनि दोषी भएपछि कारबाही हुन्छ नै। कुनै कारण यिनीहरुलाई यो सामन्ती, दलाल र नोकरशाही बुर्जुवा सरकारले कारबाही नगरे पनि पछि कुनै न कुनै दिन नेपाली जनताले कारबाही गरी छाड्ने छन्। अन्त्यमा अहिले देशमा साम्राज्यवादी अतिक्रमण बढ्दो छ। राष्ट्रको अस्तित्वकै सवाल मुख्य छ। त्यसैले यो साम्राज्यवादी दलाल सरकार अनि यस्ता दलाल पार्टीहरुको विरुद्ध सम्पूर्ण वामपन्थी, देशभक्त तथा जनवादी र राष्ट्रप्रेमी सब दल, संगठन र जनसमुदाय एक भई आन्दोलनमा जुटौं।

# नेप्से परिसूचक ३३ अङ्कले घट्यो



काठमाडौं। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा बिहीबार गिरावट देखिएको छ। नेप्से परिसूचक ३३ दशमलव ८३ अङ्कले घटेर दुई हजार ८३३ दशमलव शून्य तीन अङ्कमा कायम भएको हो। यो एक दशमलव १८ प्रतिशतको गिरावट हो।

३४२ कम्पनीको दुई करोड सात लाख ४३ हजार ८८४ कित्ता शेयर एक लाख ११ हजार ६०७ पटक खरिद बिक्री हुँदा रु नौ अर्ब ३१ करोड २८ लाख ६० हजार ८०८ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

कारोबारमा सबै समूहको उपसूचक घटेको छ। बैंकिङ शून्य दशमलव ८०, विकास बैंक एक दशमलव १५, वित्त एक दशमलव ९८, होटल तथा पर्यटन शून्य दशमलव ५०, जलविद्युत् एक दशमलव ५१ र लगानी समूह एक दशमलव २७ प्रतिशतले घटेको छ। त्यस्तै, जीवन बिमा शून्य दशमलव ९०, उत्पादन तथा प्रशोधन एक दशमलव ५४, लघुवित्त शून्य दशमलव ७१, म्युचुअल फण्ड शून्य दशमलव १४, निर्जीवन बिमा एक दशमलव २८, व्यापार एक दशमलव शून्य एक र अन्य समूह एक दशमलव ९० प्रतिशतले घटेको छ।

रिजलाइन इनर्जी लिमिटेड र सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा बढी सिन्धु विकास बैंकको शेयर मूल्य नौ दशमलव ४७ प्रतिशत घटेको नेप्सेले जनाएको छ।

# शरीरमा आइरनको कमी हुन नदिन के गर्ने ?



यदि तपाईंलाई थकान महसुस हुने, टाउको दुख्ने, सास फेर्न गाह्रो हुने, हात-खुट्टा चिसो हुनेलगायतका समस्या छन् भने तपाईंको शरीरमा आइरनको कमी भएको हुनसक्छ।

आइरन मानव शरीरलाई आवश्यक पोषक तत्व हो, जसले शरीरका विभिन्न भागमा अक्सिजन पुऱ्याउन र हेमोग्लोबिन बनाउन सहयोग गर्छ।

रगत तथा क्यान्सर रोग विशेषज्ञ डा. अजयकुमार झाका अनुसार शरीरमा आइरनको कमीका कारण रातो रक्तकोषिकाहरू ठीकसँग नबन्ने तथा मानिसलाई कमजोरी र थकान महसुस हुन थाल्छ।

**शरीरमा आइरनको कमी हुन नदिन के गर्ने ?**

शरीरमा आइरनको कमी हुन नदिन र रगतको मात्रा बढाउन मुख्यतया खानपान र जीवनशैलीमा ध्यान दिनु जरुरी छ।

**१. आइरनयुक्त खानेकुराको सेवन**

शरीरमा आइरनको आपूर्ति बढाउन निम्न खानेकुराहरूलाई नियमित आहारमा समावेश गर्नुहोस्

मांसाहारी स्रोतः रातो मासु (खसी, राँगाको मासु) र कलेजो आइरनको सबैभन्दा राम्रो स्रोत हुन्।

शाकाहारी स्रोतः हरियो सागपात (पालुङ्गो, लट्टे, मेथी), गेडागुडी (चना, सिमी, दाल) र सोयाबिन खानुहोस्।

फलफूल र ड्राइ फ्रुट्सस् चुकन्दर (बिटरुट), अनार, खजुर, किसमिस र अन्जिरको सेवनले हेमोग्लोबिन बढाउन मद्दत गर्छ।

बिउ र बदामः ओखर, काजु र कद्दूको बिउमा पनि आइरन पाइन्छ।

**२. भिटामिन 'सी' को साथमा आइरन लिने**

आइरनयुक्त खानेकुरा खाँदा मात्र पुग्दैन, त्यसलाई शरीरले सोस्न (Absorb गर्न) पनि जरुरी हुन्छ। आइरनको अवशोषण बढाउन भिटामिन 'सी' युक्त फलफूलहरू जस्तैः कागती, सुन्तला, अमला र स्ट्रबेरी खानुहोस्।

३. अवशोषणमा बाधा पुऱ्याउने कुराहरूबाट बच्ने

चिया र कफीः खाना खाने बित्तिकै चिया वा कफी नखानुहोस्। यसमा हुने ट्यानिनले शरीरलाई आइरन सोस्न बाधा पुऱ्याउँछ।

क्याल्सियमः आइरन र क्याल्सियमका स्रोतहरू (जस्तैः दूध र मासु) सँगै नखानुहोस्, किनकि क्याल्सियमले आइरनको अवशोषणमा अवरोध गर्न सक्छ।

**४. भाँडाकुँडाको छनोट**

खाना पकाउँदा फलामको तावा वा कराही प्रयोग गर्नाले खानेकुरामा आइरनको मात्रा केही हदसम्म बढ्छ।

**५. चिकित्सकको सल्लाह र सप्लीमेन्ट**

विशेष गरी गर्भवती महिला, महिनावारी भएका किशोरीहरू र रगतको कमी भएकाहरूले चिकित्सकको सल्लाहमा आइरन चक्की वा सप्लीमेन्ट लिनुपर्छ।

स्वास्थ्य खबरबाट

# के एआईले जागिर खाइदिन्छ ?



काकरभिट्टादेखि क्यालिफोर्नियासम्म एउटै प्रश्न छ के आर्टिफिशल इन्टेलिजन्स (एआई) अर्थात् कृतिम बुद्धिमताले जागिर खाइदिन्छ ? यसको प्रष्ट जवाफ हो खाइदिन्छ तर एआईले होइन, एआई जान्ने मान्छेले नजान्नेको जागिर खाइदिन्छन् । नेपालका लागि असली खतरा एआई होइन–असली खतरा एआईको युगमा पनि पुरानो शीपमै अडिइरहनु हो । जसले एआईलाई अस्त्र बनाउँछ, उसका लागि यो युग, अवसरको हो । जसले आँखा चिम्लेर बस्छ, उसका लागि यो युग, विस्थापनको समय बन्न सक्छ ।

प्रश्न "के एआईले जागिर खान्छ ?" भन्ने होइन । प्रश्न हो–"के म एआईसँगै अगाडि बढ्न तयार छु ?" एउटा उदाहरण हेरौँ, एउटा सफ्टवेयर कम्पनीमा काम गर्ने एक व्यक्ति गत वर्षसम्म कन्टेन्ट राइटरको रूपमा समेत कार्यरत थिए । दिनभरि ब्लग पोस्ट, प्रोडक्ट डेस्क्रिप्सन, र मार्केटिङ कपी लेख्ने उनको काम अचानक आधा भयो–कम्पनीले च्याटजीपीटी, जेमिनाई, क्लाउडजस्ता जेनेरेटिभ एआई टुल प्रयोग गर्न थालेपछि उनको कामसँगै कमाइ पनि घट्यो । पहिले पाँच जना राइटरको काम अहिले एआई जानेका दुईजनालाई पनि पुगेन ।

यो एक जना व्यक्तिको मात्र कथा होइन, यो एउटा युगको सुरुवात हो अर्थात एआईको युग । एआईका कारण काममा धेरै सजिलो भएको छ । घण्टौ लाग्ने काम मिनेटमै सकिने भएको छ । पाँचजनाले गर्ने काम एक जनाले सक्न थालिएको छ । जटिल समस्या सहजै समाधान गर्न सकिने भएको छ । जीवन झन् सहज बनाउन एआई एउटा युगान्तकारी प्रविधिका रुपमा उदाएको छ ।

**संसारभरि के भइरहेको छ ?**

विश्व आर्थिक मञ्चको अनुमान अनुसार सन् २०३० सम्ममा नौ करोड २० लाख जागिर विस्थापित हुनेछन् । मञ्चको सन् २०२५ को 'फ्युचर अफ जब्स रिपोर्ट' अनुसार विश्वभरि ४१ प्रतिशत जागिर प्रदायकहरुले अर्को पाँच वर्षमा एआई स्वचालनका कारण जनशक्ति घटाउने योजना बनाइसकेका छन् । उनीहरू पाँच वर्ष कुर्ने छैनन् किनकी परिवर्तन अहिले नै हुन थालेको देखिन्छ ।

सन् २०२५ को पहिलो छ महिनामा मात्रै ७७ हजार नौ सय ९९ प्रविधिसम्बन्धी जागिर गुमेका थिए । गोल्डम्यान स्याक्सका अनुसार एआईले विश्वभरि ३० करोड जागिर प्रभावित गर्न सक्छ, जुन विश्वको कुल रोजगारको ९.१ प्रतिशत हो ।

**कस्ता जागिर सबैभन्दा बढी जोखिममा छन् ?**

पेनसिल्भानिया विश्वविद्यालय/ओपन एआईका अनुसन्धानकर्ताका अनुसार वार्षिक ८० हजार डलरसम्म कमाउने उच्च शिक्षित वाइटकलर जब्स स्वचालनको सबैभन्दा बढी जोखिममा छन् । एआईको बढ्दो प्रयोगले दोहोरिरहने र नियममा आधारित जागिर जोखिममा पर्ने छन् । डाटा इन्ट्री, कलसेन्टर, ग्राहक सेवा, कन्टेन्ट राइटिङ, अनुवाद, उद्योगमा दोहोरिरहने कार्य, ग्राफिक डिजाइन, सफटवेयर प्रोगामिङ र लेखा क्षेत्रका जागिर जोखिममा पर्ने छन् ।

एक अध्यनका अनुसार बैंकिङमा ५४ प्रतिशत जागिरमा एआई स्वचालनको उच्च सम्भावना छ । कानुनी क्षेत्रमा पारालिगलहरूले सन् २०२६ सम्ममा ८० प्रतिशत जोखिम सामना गर्नुपर्ने अनुमान छ । स्वास्थ्य क्षेत्रमा मेडिकल ट्रान्सक्रिप्सन स्वचालित भइसकेको छ । ब्लुमबर्गको अनुसन्धान भन्छ कि एआईले बजार अनुसन्धान विश्लेषकका ५३ प्रतिशत र बिक्री प्रतिनिधिका ६७ प्रतिशत कार्यहरू प्रतिस्थापन गर्न सक्छ । सेल्सफोर्सका सिइओ मार्क बेनियफका अनुसार एआईले अहिले कम्पनीको आधा काम सम्हाल्न थालेको छ । यसकारण उनले चार हजारभन्दा बढी ग्राहक सेवा कर्मचारी घटाएका छन् । बिएम कम्पनिले सयौं मानव संशाधन भूमिकाहरू एआई च्याटबोटले प्रतिस्थापन गरेको छ ।

सन् २०२५ को सुरुदेखि नै एआई-प्रभावित क्षेत्रमा काम गर्ने २० देखि ३० वर्षका युवाहरूमा बेरोजगारी झण्डै तीन प्रतिशत बिन्दुले बढ्यो । एआईले पाँच वर्षभित्र आधा प्रवेश स्तरका बौद्धिक मानिने 'वाइट कलर' जागिर हटाउन सक्ने एन्थ्रोपिकका सिइओ डारियो अमोडेईले कठोर भविष्यवाणी गरिसकेका छन् ।

**एआईले जागिर बढाउँछ**

निष्पक्ष विश्लेषणका लागि यो पक्ष पनि हेर्नु जरुरी छ । विशेषज्ञहरूका अनुसार एआईका कारण जागिर गुम्ने भन्दा सिर्जना हुने सङ्ख्या बढी हुनेछ । विश्व आर्थिक मञ्चको अनुमान अनुसार सन् २०३० सम्ममा नौ करोड २० लाख जागिर विस्थापित हुनेछन् तर एआईकै कारण १७ करोड नयाँ जागिर सिर्जना हुनेछन् । विश्वमा सात करोड ८० लाख जागिरको शुद्ध वृद्धि हुनसक्छ अर्थात एआईको बजार प्रभाव समग्रमा सकारात्मक हुनसक्छ । एआई इन्जिनीयर भूमिकाहरूमा १४० प्रतिशतभन्दा बढी माग वृद्धि भइरहेको छ ।

औद्योगिक क्रान्तिले मिलमा काम गर्नेहरूलाई विस्थापित गऱ्यो तर त्यसले थप उद्योगहरू र थप रोजगारी पनि सिर्जना गऱ्यो । सन् १९७० को दशकमा कम्प्युटर क्रान्तिले धेरै रोजगारी विस्थापन गर्दा त्यो भन्दा बढी रोजगारी बढेको हामीले देखे भोगेकै हो । ३० वर्षको अन्तरमा कम्प्युटर दैनिक जीवनको हिस्सा बन्यो । सन् २०२७ सम्ममा भारतमा मात्र २३ लाख एआईसम्बन्धी नयाँ जागिर खुल्ने प्रक्षेपण गरिएको छ । त्यसैले एआई क्रान्तिले पनि रोजगार विस्थापन भन्दा बढाउने अवस्था छ ।

एक अध्ययनका अनुसार एआई सीपहरू भएका पेशेवरहरूले उही भूमिकामा सीप नभएका साथीहरूको तुलनामा ५६ प्रतिशतसम्म बढी तलब पाउँछन् । यो तथ्याङ्कले एआईसँग लड्न खोज्नुभन्दा एआई सिक्नु लाभदायक छ भन्ने एउटा स्पष्ट सन्देश दिन्छ । नेपाली फ्रिल्यान्सरहरूका लागि एउटा अभूतपूर्व अवसर खुलेको छ, सही उपकरणहरूसहित विराटनगरको एक डेभलपर वा पोखराको एक डिजिटल मार्केटरले अमेरिका वा युरोपमा उच्च पारिश्रमिकका लागि प्रतिस्पर्धा गर्न र विदेशी मुद्रा नेपाल ल्याउन सक्छन् ।

**नेपालको अवस्था के छ ?**

नेपाललाई यो प्रश्नले फरक तरिकाले छुन्छ । हाम्रो अर्थतन्त्र कृषि, पर्यटन र रेमिट्यान्समा आधारित भएकाले प्रत्यक्ष खतरा तत्काल महशुस नहुन सक्छ, तर अप्रत्यक्ष असर गहिरो हुनेछ । नेपालका ६० प्रतिशतभन्दा बढी श्रमिक कृषि वा म्यानुअल कामहरूमा छन्, जसले एआई-प्रेरित जोखिम तत्काललाई सीमित राख्छ । तर बलियो डिजिटल सीप र क्षमताबिना नेपाल उच्च मूल्यको वैश्विक अर्थतन्त्रमा पछाडि पर्न सक्छ ।

नेपालमा पूर्णकालीन नियमित जागिर तीव्र रूपमा घटेका छन् भने आउटसोर्स र करार कामहरू उल्लेखनीय रूपमा बढेका छन् । नेपालको बिपिओ (बिजनेस प्रोसेस आउटसोर्सिङ) क्षेत्र विशेष रूपमा संवेदनशील छ । नेपालको अर्थतन्त्र सेवा क्षेत्र, बिओपी र प्रशासनिक भूमिकाहरूमा भारी निर्भर छ–यी नै क्षेत्र स्वचालनका लागि सबैभन्दा बढी उपयुक्त छन् ।

नेपालमा सरकारले सन् २०२४-२०३४ लाई सूचना प्रविधिको दशक घोषणा गरेको छ । यसमा १५ लाख नयाँ प्राविधि जागिर र दशकभित्र ३० खर्ब नेपाली रुपैयाँको आइटी सेवा निर्यात गर्ने लक्ष्य राखेको छ । यो महत्वाकांक्षी लक्ष्य हो तर यसका लागि एआईलाई चुनौतीको रूपमा होइन, अवसरको रूपमा बुझ्नुपर्छ ।

**सरकारले के गरिरहेको छ ?**

नेपाल सरकारले राष्ट्रिय एआई नीति २०८२ आधिकारिक रूपमा अनुमोदन गरिसकेको छ । यो ढिलै भए पनि देशको डिजिटल रूपान्तरण यात्रामा एक महत्वपूर्ण उपलब्धि हो । यो नीतिले स्वास्थ्य, शिक्षा, कृषि र सार्वजनिक प्रशासन क्षेत्रमा एआईको रणनीतिक एकीकरणको कल्पना गरेको छ । नेपाल सरकारले पाँच वर्षभित्र एआई क्षेत्रमा कम्तीमा पाँच हजार जनशक्ति तयार गर्ने लक्ष्य राख्दै एआईसम्बन्धी नयाँ नीति कार्यान्वयनमा ल्याएको हो । यो नीतिले अन्तरराष्ट्रिय आधारभूत सिद्धान्त र प्रचलनसँग अनुकूल हुने गरी एआईको अनुसन्धान, विकास र प्रयोगलाई दिशानिर्देश गर्न नेपालमा एआई नियमन परिषद् स्थापना गर्ने रणनीति लिएको छ ।

एआईलाई आर्थिक तथा सामाजिक क्षेत्रमा अधिकतम उपभोग गर्ने प्रतिबद्धतासहित उक्त नीतिमा विश्वव्यापी सूचकाङ एआई रेडिनेस इन्डेक्समा नेपालको स्थानलाई शीर्ष ५०औं स्थानभित्र पुऱ्याइने उल्लेख गरिएको छ । नीतिले एआईका कारण सम्भावित जागिर गुम्ने स्थितिलाई व्यवस्थापन गर्न र यसका सामाजिक तथा आर्थिक परिणामलाई सम्बोधन गर्न संयन्त्र स्थापना गर्ने कुरा पनि उल्लेख गरेको छ । संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी)ले एआईले नेपालको विकासलाई अवसर र चुनौती दुबै दिने बताएको छ । एआईलाई मानव-केन्द्रित तथा क्षमता स्वचालित गर्नभन्दा बढाउने दिशामा विकास गर्नु जरुरी छ भन्ने कुरामा युएनडिपीले जोड दिएको छ । समग्रमा एआईले जागिर खाने नभएर पहिलेको भन्दा बढी जागिर उत्पादन गर्छ भन्न सकिन्छ । यसले दोहोरिने, यान्त्रिक कामहरू हटाउँछ, तर यसले मानवीय रचनाशीलता, सहानुभूति र जटिल निर्णय-क्षमता प्रतिस्थापन गर्न सक्दैन ।

# सिद्धार्थ उद्योग वाणिज्य संघद्वारा भित्ते पात्रो विमोचन



भैरहवा । सिद्धार्थ उद्योग वाणिज्य संघले प्रकाशन गरेको नयाँ वर्ष २०८३ सालको संस्थागत भित्ते पात्रो क्यालेन्डर विमोचन गरेको छ । संघको सचिवालयमा आयोजित एक कार्यक्रमकाबिच नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्मा, पूर्व अध्यक्ष तथा सल्लाहकार एवं कार्यसमितिको समुपस्थितिका भित्ते पात्रो क्यालेन्डर विमोचन गरेको हो ।

सो अवसरमा बोल्दै प्रमुख अतिथि शर्माले २०८२ को आर्थिक सुस्ततालाई बिर्सँदै नयाँ वर्ष २०८३ मा आर्थिक गतिविधिहरू चलायमान हुने आशा व्यक्त गरे । भित्ते पात्रो संघ र यसमा आबद्ध करिब २४ सय साधारण सदस्यहरूबिच सम्बन्ध विस्तार गर्ने माध्यम भएको बताउँदै उनले यो संस्थाको नियमित प्रक्रिया भएता पनि यसले व्यवसायीहरूको प्रतिष्ठानमा संघको पहिचानलाई वर्षभरि नै झल्काउने विश्वास व्यक्त गरे ।

संघले कुनै पनि व्यावसायिक प्रतिष्ठान वा संघ-संस्थाबाट विज्ञापन नलिई सम्पूर्ण खर्च संस्था आफैंले व्यहोरेर प्रकाशन गर्दै आएको छ । सरकारी नियमको पालना गर्दै यस पटक पनि पञ्चाङ्ग निर्णायक विकास समितिको स्वीकृति लिएर मात्रै पात्रो छपाइ गरिएको सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्रप्रसाद आचार्यले बताए । उनले नयाँ सरकारको गठनसँगै केही राम्रा संकेतहरू देखिएका छन्, निजी क्षेत्र सरकारका सही नीति र कदमहरूलाई समर्थन गर्न निजी क्षेत्र तयार छ जनाए ।

संघका अनुसार उक्त भित्ते पात्रो सदस्यहरूलाई वितरण गरिनेछ । विशेषगरी असार मसान्तसम्म सदस्यता नवीकरण गर्न आउने व्यवसायीहरूलाई लक्षित गरी वितरणको व्यवस्था मिलाइएको छ । प्रकाशनको संयोजन कार्यसमिति सदस्य प्रमोद रिजालले गरेका हुन् ।

# किसानलाई अनुदानमा यान्त्रिक हलो प्रदान



ढोरपाटन । बडिगाड गाउँपालिकाले किसानलाई ५० प्रतिशत अनुदानमा यान्त्रिक हलो प्रदान गरेको छ ।

यान्त्रिकीकरणमार्फत् किसानलाई व्यावसायिक कृषिमा उन्मुख गराउन यान्त्रिक हलो (मिनीटेलर) प्रदान गरिएको हो ।

मकै प्रवर्द्धन कार्यक्रमअन्तर्गत १९ वटा यान्त्रिक हलो वितरण गरिएको गाउँपालिकाका उपाध्यक्ष भीमसेन वनले जानकारी दिए । गाउँपालिकाका आठ वडामा मकै प्रवर्द्धन कार्यक्रम सञ्चालन भइरहेको छ ।

खनजोत गर्न गोरु र जनशक्ति अभाव भएकाले किसानलाई यान्त्रिक हलो प्रदान गरिएको हो । कम जनशक्तिबाट पनि खनजोत गर्न यान्त्रिक हलो उपयोगी भएकाले यसतर्फ किसानको आकर्षण बढेको उपाध्यक्ष वनले बताए ।

गाउँपालिकाले चालु आर्थिक वर्षमा विनियोजन गरेको रु छ लाख र किसानको ५० प्रतिशत अनुदानमा यान्त्रिक हलो वितरण गरिएको हो । एक हल गोरुले एक दिनभरिमा जोत्न बारीमा यान्त्रिक हलोले दुई घण्टामा जोत्न सकिने हुँदा उत्पादन वृद्धि गर्न मद्दत पुग्ने उनले बताए ।

# सात दिने ब्युटिसियन तालिम सम्पन




अर्घाखाँची । अर्घाखाँचीको सन्धिखर्क नगरपालिका वडा नं. ७ मा सात दिने ब्युटिसियनसम्बन्धी तालिमको सम्पन भएको छ ।

तालिममा मन्तब्य राख्दै सन्धिखर्क नगरपालिका वडा नं. ७ का अध्यक्ष चुराबहादुर केसीले महिलाहरू आत्मनिर्भर बन्नको लागि सीपको अति आवश्यक हुने बताउँदै सीपमूलक व्यवसायिक तालिमहरुलाई निरन्तरता दिँदै महिलाहरू व्यवसायिक हुनुपर्नेमा जोड दिए । अध्यक्ष केसीले महिला दिदी बहिनीहरुलाई लक्षित गरी सात दिने ब्युटिसियन तालिमको आयोजना गरेको बताउँदै आगामी दिनमा यस्ता कार्यक्रम लाई निरन्तरता दिई स्वरोजगार र आत्मनिर्भर बनाउने गरी आफूहरू लागेको जनाए ।

कार्यक्रममा घरेलु तथा साना उद्योग कार्यालय अर्घाखाँची प्रमुख दुर्गा न्यौपाने प्रशिक्षक, मञ्जु केसी प्रशीक्षार्थी, लक्ष्मी सुवेदी भट्टराईले मन्तव्य राख्दै महिलाहरुले भोलिका दिनमा स्वरोजगार तथा आत्मनिर्भर हुनका लागि आजको दिनमा विभिन्न किसिमका सीपहरु सिक्न आवश्यक रहेको बताएका थिए ।

कार्यक्रममा वडा सदस्य डुकलाल पोखेल, मिना ज्ञवाली, स्वास्थ्य चौकी प्रमुख प्रेमचन्द्र विक, सञ्चारकर्मीलगायतको उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन वडा सचिव सीता बिसि पराजुलीले गरेकी थिइन् ।

**स्याङ्जामा...**

बङ्गलादेशमा अचार तथा फलफूलको व्यवसाय गर्दै आएका अर्का व्यवसायी सोहिल अमनले नेपालको सुन्तलाको चर्चा धेरै सुनेको भन्दै प्रत्यक्ष अनुगमनबाट आफूहरु उत्साहित भएको जानकारी दिए ।

स्याङ्जाको वालिङ, भीरकोट र गल्याङ नगरपालिका तथा कालीगण्डकी गाउँपालिकामा स्थानीय पालिकाहरुको सहकार्यमा हेफर परियोजनाले उत्पादन र उत्पादकत्व वृद्धिको काम गर्दै आएको छ । परियोजना सञ्चालन भएका पालिकासँगको सहकार्यमा सुन्तलाको बजारीकरणसँगै अन्तर्राष्ट्रियस्तरमा निर्यात गरिने हेफर परियोजना नेपालका बजार विकास प्रमुख डाक्टर राजकुमार अधिकारीले जाननकारी दिए ।

यसैबिच वालिङमा विभिन्न सुन्तला उत्पादक महिला स्वावलम्बी समूहमार्फत् सामूहिक रुपमा बजारीकरणको काम गर्दै आएका छन् । उनीहरुले सुन्तला जोखेर बेच्ने अभियानलाई अगाडि बढाएका हुन् । जसको कारण बगैंचा नै ठेक्का लिने सुन्तला व्यवसायीहरु अब सुन्तला जोखेर बेचबिखन गर्न थालेका हुन् । वालिङ नगरपालिका, हेफर इन्टरनेशनल नेपाल र स्थानीय दियालो संस्थाको सहकार्यमा वालिङमा सुन्तला उत्पादन तथा बजारीकरणका काम हुँदै आएको नगरप्रमुख कृष्ण खाँणले जानकारी दिए ।

**उत्पादनमा वृद्धि हुँदै जिल्लाको सुन्तला**

स्याङ्जामा गएको सिजनमा एक अर्ब ३२ करोडभन्दा बढी मूल्यको सुन्तला उत्पादन भएको छ । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यान्वयन एकाइ स्याङ्जाका सूचना अधिकारी प्रतिभा बुढाथोकी क्षेत्रीले दिएको जानकारीअनुसार जिल्लामा गएको वर्ष कुल २३ हजार २३८ मेट्रिक टन सुन्तला उत्पादन भएको छ । उत्पादित सुन्तला थोकमा प्रतिकिलो ५७ रुपैयाँका दरले बिक्री वितरण भएको थियो ।

अघिल्लो वर्षको तुलनामा पछिल्लो वर्ष २० करोड बढी मूल्यको सुन्तला उत्पादन भएको हो । गत वर्ष २० हजार ८४ मेट्रिक टन सुन्तला उत्पादन भएको थियो । विगतका वर्षहरुको तुलनामा उत्पादनमा समेत वृद्धि हुने अनुमान गरिएको छ । जिल्लामा सुन्तलाका सयौ बगैंचा छन् भने हजारौं कृषकले सुन्तला उत्पादन गर्दै आएका छन् ।

## सियारी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

हर्नैया, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

**सियारी गाउँपालिका वडा नं. १ र २ मा पर्ने तिनाउ नदीको विभिन्न बगर क्षेत्रबाट नदीजन्य पदार्थको व्यवस्थापन कार्यको वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी**

### सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८३/०१/०४)

लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, सियारी गाउँपालिकाद्वारा देहाय बमेजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः सियारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>ठेगानाः हर्नैया, रुपन्देही, लुम्बिनी प्रदेश<br>ईमेल :siyarimun@gmail.com,<br>वेबसाईटः https://siyarimun.gov.np/<br>फोन नं.: +९७७-९८५७०१६११९ |
| प्रस्तावको व्यहोरा | सियारी गाउँपालिका वडा नं. १ मा पर्ने तिनाउ नदीको कौवा घाट र वडा नं. २ मा पर्ने वर्गदहवा बगर क्षेत्रबाट दिगो तथा वातावरण मैत्री रुपमा नदिजन्य पदार्थको व्यवस्थापन कार्य |
| प्रभाव पर्न सक्ने क्षेत्र | रुपन्देही जिल्ला, सियारी गाउँपालिका वडा नं. १ र २ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न सियारी गाउँपालिका १ र २ नं वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्री सियारी गाउँपालिका, हर्नैया, रुपन्देही, लुम्बिनी प्रदेश<br>suddhodhanrmun@gmail.com, फोन नं. ९८५७०१६११९ |
| परामर्शदाताको नाम र ठेगाना | प्रिसिजन सिभिल कन्सल्टेन्सी, तिलोत्तमा-०१<br>precisionconsultant2017@gmail.com, फोन नं. ९८४७५३८५७५ |

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सम्पर्कः

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३



**गोरूको सहायताले बारी जोत्दै किसानः**
गुल्मीदरबार गाउँपालिका-१ बलीथुममा मकै छर्न गोरूको सहायताले बारी जोत्दै किसान। जिल्लामा पछिल्लो समय गोरू पाल्ने कृषकहरूको संख्या विस्तारै घट्दै जान थालेको छ। तस्विरः जनार्दन घिमिरे/रासस

# सवारी दुर्घटनाको आर्थिक भार कम गर्दै भलाइ कोष



बुटवल । सवारी दुर्घटनाका कारण उत्पन्न हुने ठूलो आर्थिक क्षतिबाट चालक, मजदुर र व्यवसायीलाई जोगाउन यातायात मजदुर तथा व्यवसायी भलाइ कोषले महत्वपूर्ण अभिभावकीय भूमिका निर्वाह गर्दै आएको सरोकारवालाहरूले बताएका छन् ।

बिहीबार बुटवलमा आयोजित कोषको ५२औँ स्थापना दिवस तथा ४८औँ वार्षिक साधारणसभाका अवसरमा बोल्ने वक्ताहरूले सडक दुर्घटनाको आर्थिक जोखिम न्यूनीकरण गर्न कोष एक प्रभावकारी माध्यम बनेको चर्चा गरे । दुर्घटनापछिको ठूलो आर्थिक भार एउटै व्यक्तिले व्यहोर्न नसक्ने हुनाले यस्तो अवस्थामा कोषले पुऱ्याउने सहयोगले सर्वसाधारणलाई थप मारमा पर्नबाट जोगाएको उनीहरूको धारणा थियो ।

साधारणसभाको उद्घाटन गर्दै कोषका पूर्वअध्यक्ष कुमार थापाले पछिल्लो समय सवारी साधनको संख्यामा भएको तीव्र वृद्धिसँगै सडक दुर्घटना एक गम्भीर राष्ट्रिय चुनौतीका रूपमा देखा परेको बताए । देशभर सवारी साधनको संख्या ८० लाख नाघिसकेको तथ्यांक प्रस्तुत गर्दै उनले सडकमा सवारीको चाप उल्लेख्य रूपमा बढेको उल्लेख गरे । विशेषगरी दुई पाङ्गे सवारी साधनको अत्यधिक वृद्धि नै दुर्घटना बढ्नुको प्रमुख कारण रहेको र करिब ८० प्रतिशत दुर्घटनामा मोटरसाइकल संलग्न रहेको सरकारी तथ्यांकले देखाएको उनले बताए । यस समस्याको दीर्घकालीन समाधानका लागि सरकारले एक शक्तिशाली आयोग वा बोर्ड गठन गरेर काम गर्नुपर्ने आवश्यकतामा उनले जोड दिए ।

संस्थाका अध्यक्ष दिनेश फुल्लेलले मजदुर र व्यवसायीको हकहितमा कोषले पुऱ्याएको योगदानका बारेमा प्रकाश पारे । हाल देशभर २९ वटा शाखा र ६८ जना कर्मचारीमार्फत् सेवा प्रवाह गरिरहेको जानकारी दिंदै उनले आर्थिक वर्ष २०८२/८३ मा मात्रै एक हजार १३५ वटा सवारी दुर्घटनामा आर्थिक, नैतिक र भौतिक सहयोग गरिएको बताए। उनले यसै वर्षदेखि साविक लुम्बिनी अञ्चलका ६ जिल्लाहरू कपिलवस्तु, नवलपरासी, रुपन्देही, गुल्मी, पाल्पा र अर्घाखाँचीमा प्रथम पक्ष (ओडी) सवारी साधनमा शतप्रतिशत लगानी गर्ने कार्यको सुरुवात गरिएको जानकारी दिए । हाल दुर्घटनापश्चात् घाइतेको उपचारका लागि ३ लाख र मृत्यु भएमा क्षतिपूर्तिबापत बिमाबाट ५ लाख प्राप्त हुने बताउँदै अध्यक्ष फुल्लेलले यो रकमलाई समयसापेक्ष बनाउनुपर्नेमा जोड दिए ।

त्यस्तै, पश्चिम नेपाल बस व्यवसायी प्रालिका अध्यक्ष दधिराम खरेलले पेट्रोलियम पदार्थको मूल्यवृद्धिका कारण यातायात क्षेत्र संकटमा परेको र विद्युतीय गाडीको बढ्दो प्रयोगसँगै मर्मत खर्च र पार्टपुर्जामा हुने भन्सार शुल्क लगायतका विषयमा सरकार गम्भीर हुनुपर्ने बताए। कार्यक्रममा पूर्वअध्यक्ष चीनबहादुर गुरुङलगायत विभिन्न उद्योग वाणिज्य संघ र व्यावसायिक संस्थाका प्रतिनिधिहरूले सडक सुरक्षाका लागि साझा एजेन्डा बनाएर अघि बढ्नुपर्ने बताए ।

कार्यक्रममा रुपन्देही उद्योग संघका अध्यक्ष कृष्ण पराजुली, रुपन्देही व्यापार संघका अध्यक्ष प्रकाश ढकाल, बुटवल उद्योग वाणिज्य संघका महासचिव मुक्ति अधिकारी, लुम्बिनी ट्रक यातायात व्यवसायी संघका अध्यक्ष रुमाखर गौतम, नेपाल पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष दिनेश पाण्डे, कोषका पूर्व सहसचिव काजिमान श्रेष्ठलगायतले सडक दुर्घटना न्यूनीकरणका लागि संस्थागत रुपमा तालिम र अभिमुखीकरणसँगै साझा एजेन्डा बनाएर अघि बढ्नुपर्नेमा जोड दिएका थिए ।

यसै अवसरमा संस्थाले दुर्घटनामा ज्यान गुमाएका चालक खेमबहादुर सारुको परिवारलाई ५० हजार रुपैयाँ आर्थिक सहयोग प्रदान गरेको छ । साथै, संस्थामा २५ वर्षभन्दा लामो समय सेवा गर्ने कर्मचारीहरू सरस्वती ढकाल अर्याल र निर्मल शर्मा पाण्डेलाई पनि विशेष सम्मान गरिएको थियो । यातायात क्षेत्रको पीडा र समस्या समाधानमा कोषले निर्वाह गरेको भूमिकाकै कारण यसको गरिमा समाजमा उच्च रहेको सहभागीहरूको निष्कर्ष थियो ।

**८२ जनाले गरे रक्तदान**

यातायात मजदूर तथा व्यवसायी भलाई कोष बुटवलले आफ्नो ५२औं स्थापना दिवस एवं ४८औं साधारणसभाको अवसरमा बिहीबार रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । कोषको कार्यालय परिसरमा आयोजित रक्तदान कार्यक्रममा ८२ जनाले रक्तदान गरेको अध्यक्ष दिनेश फुल्लेलले जानकारी दिए ।

संस्थाका मानार्थ सदस्य एवं पूर्व अध्यक्ष कुमार थापाले रक्तदान कार्यक्रमको शुभारम्भ गरेका थिए। त्यस अवसरमा उनले रक्तदान जस्तो मानवीय र पवित्र कार्यलाई निरन्तरता दिनुपर्नेमा जोड दिए । साथै उनले यातायात मजदूर तथा व्यवसायी भलाई कोषले यातायात व्ययवसायी र मजदूरहरुको हितमा काम गर्दै आएको स्मरण गर्दै बेलाबेलामा कोषले गर्ने सामाजिक कार्यक्रमले यसको महत्व थप बढाएको बताए ।

नेपाल रेडक्रस सोसाइटीको प्राविधिक सहयोगमा भएको कार्यक्रममा कोषका पदाधिकारी, सदस्य, कर्मचारी, मजदूर तथा व्यवसायीले रक्तदान गरेका थिए । कोषले स्थापना दिवसका अवसरमा विगबतका वर्षहरुदेखि नै रक्तदान कार्यक्रमलाई निरन्तरता दिंदै आएको छ ।

कोषले सामाजिक उत्तरदायित्व बहन गर्ने गरी रक्तदान कार्यक्रम गरेको र यसलाई आगामी वर्ष पनि निरन्तरता दिइने अध्यक्ष फुल्लेलले बताए । कोषका उपाध्यक्ष छवि थापाले रक्तदान कार्यक्रममा उत्साहजनक सहभागिताले कोषलाई हौसला मिलेको जनाए । बिरामीहरुलाई रगतको अभाव झेल्नु नपरोस् भन्ने उद्देश्यले रक्तदान कार्यक्रमको आयोजना गरिएको कोषका महासचिव योग गुरुङले जानकारी दिए । त्यस अवसरमा कोषले निःशुल्क स्वास्थ्य शिविरको समेत आयोजना गरेको थियो ।

# लुम्बिनीमा बजेट खर्चः नौ महिनामा ३५ प्रतिशतभन्दा कम

बुटवल । लुम्बिनी प्रदेश सरकारको चालु आर्थिक वर्षको बजेट खर्च अवस्था निकै कमजोर देखिएको छ । प्रदेश कोष तथा लेखा नियन्त्रकको कार्यालय लुम्बिनीका अनुसार तेस्रो त्रैमासिकसम्म लुम्बिनी प्रदेशमा कुल ३४ दशमलव ३१ प्रतिशत मात्रै बजेट खर्च भएको छ । अर्थात् अब असार मसान्तसम्म करिब ६५ प्रतिशत बजेट खर्च गर्नुपर्ने हुन्छ ।

कुल ३८ अर्ब ९१ करोड रुपैयाँ बजेटमध्ये चैत मसान्तसम्म १३ अर्ब ३४ करोड ९६ लाख रुपैयाँ मात्र खर्च भएको छ । यस अवधिमा पुँजीगततर्फ ३२ दशमलव ३६ प्रतिशत र चालूतर्फ ३७ दशमलव २७ प्रतिशत खर्च भएको छ। प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालय लुम्बिनीका प्रमुख नारायणप्रसाद पौडेलका अनुसार आन्तरिक मामिला मन्त्रालयमा प्रहरी भवन मर्मतजस्ता सीमित काम मात्रै अघि बढेकाले खर्च न्यून देखिएको हो । प्रमुख पौडेलका अनुसार वर्षको सुरुवातमै भएको 'जेन-जी आन्दोलन' र फागुनमा भएको निर्वाचनका कारण विकास निर्माणका काममा ढिलाइ हुँदा बजेट खर्च कम देखिएको हो । उनले अब काम तीव्र हुने र खर्च बढ्ने अपेक्षा गरे ।

मन्त्रालयगत रूपमा हेर्दा स्वास्थ्य मन्त्रालयले सबैभन्दा बढी ५३ दशमलव ५१ प्रतिशत खर्च गरेको छ भने आन्तरिक मामिला मन्त्रालय सबैभन्दा कम खर्च गर्ने मन्त्रालय बनेको छ। अन्य मन्त्रालयहरूको खर्च अवस्था पनि औसतभन्दा कम नै छ। आर्थिक मामिला मन्त्रालयले २४ दशमलव ३७ प्रतिशत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले २३ दशमलव १८ प्रतिशत, भौतिक पूर्वाधार विकास मन्त्रालयले ३७ दशमलव १ प्रतिशत खर्च गरेका छन् । वन तथा वातावरण मन्त्रालयले ३५ दशमलव १० प्रतिशत, सहकारी तथा खानेपानी मन्त्रालयले ३१ प्रतिशत, कृषि मन्त्रालयले ३० दशमलव ८४ प्रतिशत खर्च गरेको छ । त्यसैगरी उद्योग, पर्यटन तथा यातायात मन्त्रालयले २२ दशमलव ८२ प्रतिशत, ऊर्जा मन्त्रालयले ३१ दशमलव ६६ प्रतिशत, सामाजिक विकास मन्त्रालयले २० दशमलव ४५ प्रतिशत र युवा तथा खेलकुद मन्त्रालयले १० दशमलव ३८ प्रतिशत मात्रै बजेट खर्च गरेका छन् । यस्तै, युवा तथा खेलकुद मन्त्रालयको अवस्था पनि उस्तै कमजोर छ। ३७ करोड २४ लाख ५० हजार रुपैयाँ बजेट रहेकोमा हालसम्म १० प्रतिशत मात्रै खर्च भएको छ।

**सबैभन्दा कमजोर आन्तरिक मामिला तथा कानुन मन्त्रालय**

विशेषगरी आन्तरिक मामिला तथा कानुन मन्त्रालयको खर्च प्रगति अत्यन्त न्यून रहेको पाइएको छ। जसपा नेपालका आदेश अग्रवालले सम्हालेको उक्त मन्त्रालयमा चालु आवका लागि ३६ करोड ६९ लाख ९६ हजार रुपैयाँ बजेट विनियोजन गरिएको थियो । तर, ९ महिनाको अवधिमा जम्मा ८ प्रतिशत मात्रै खर्च भएको छ । प्रदेशको गृह, सञ्चार र कानुनसम्बन्धी जिम्मेवारी बोकेको यो मन्त्रालयको कार्यसम्पादन सुस्त हुँदा समग्र प्रशासनिक कामसमेत प्रभावित बनेको छ।

मन्त्रालयका सचिव लोकबहादुर सुनार भ्रष्टाचार मुद्दापछि फागुन १३ गतेदेखि निलम्बनमा परेपछि मन्त्रालय झनै नेतृत्वविहीन जस्तो बनेको छ। यसका कारण फागुनयता कर्मचारीहरूको तलबभत्ता समेत रोकिएको छ । कर्मचारीहरूका अनुसार मन्त्रालयमा स्पष्ट नेतृत्वको अभाव हुँदा नियमित कामसमेत अघि बढ्न सकेको छैन। विनोद लामिछानेलाई मन्त्रालयको जिम्मेवारी दिइए पनि उनी केही दिन हाजिरी गरेर काठमाडौं फर्किएपछि पुनः फर्किएका छैनन्।

**'भुक्तानी ढिलाई हुँदा खर्च कम देखियो'**

लुम्बिनी प्रदेश योजना आयोगका पूर्वसदस्य तथा अर्थविद् डा. सुदनकुमार वलीले राजनीतिक घटनाक्रम, निर्वाचन आचारसंहिता र संघीय बजेट कटौतीका कारण पनि खर्च कम भएको हुन सक्ने बताए।

'असोजभित्र आयोजनाको टेन्डर आह्वान भए बजेट खर्च दोस्रो चौमासिकमा बढी हुने थियो,' वलीले भने-'तर, अन्तिमतिर आएर टेन्डर हुने परिपाटीले गर्दा बजेट खर्च कम देखिएको हो। खर्च कम देखिए पनि कामै भएन भन्न मिल्दैन। काम सम्पन्न भएर पनि भुक्तानी अन्तिम समयमा हुने गरेका छन्।'

# मूल्यवृद्धिले निर्माण क्षेत्र धराशायीः सडकमा उत्रने चेतावनी




भैरहवा । मध्यपूर्वमा जारी युद्धका कारण पेट्रोलियम पदार्थ र निर्माण सामग्रीमा भएको अप्रत्याशित मूल्यवृद्धिका कारण देशको निर्माण उद्योग ठप्प हुने स्थितिमा पुगेको लुम्बिनी निर्माण व्यवसायी संघ रुपन्देही जनाएको छ ।

संघले भैरहवामा पत्रकार सम्मेलन गरी निर्माण क्षेत्रमा 'आपतकाल' घोषणा गर्न र व्यवसायीहरूलाई तत्काल राहत दिन सरकारसँग जोडदार माग गरेको छ ।

संघका कार्यवाहक अध्यक्ष प्रितम रौनिआरले डिजेल, पेट्रोल र मट्टितेलसँगै बिटुमिन, सिमेन्ट र डण्डी जस्ता मुख्य निर्माण सामग्रीको मूल्यमा भारी वृद्धि भएको अवस्था हुँदाहुँदै बजारमा यी सामग्रीको अभाव हुनुका साथै पिक आवरमा क्रसर उद्योगहरूमा देखिएका समस्याले गर्दा देशभरका विकास निर्माणका कामहरू ठप्प हुने अवस्थामा पुगेको जनाए । हामीलाई काम गर्ने कुनै पनि आधारमा वातावरण नभएकोले बाध्य भएर यस्तो निर्णय लिनुपरेको उनले जनाए । 'हामीहरुले जिल्लाको हकमा प्रमुख जिल्ला अधिकारीलाई र निर्वाचित माननीयहरुलाई समस्या समाधान गरी निचोड निकाल्न ज्ञापन पत्र बुझाएका छौं,' अध्यक्ष रौनियारले भने-'रकमान्तरले भुक्तानीको समस्या, भुक्तानी प्रक्रिया झन्झटिलो र आफू अनुकुल नियम बनाउँदा सम्पन्न भएको कामको पनि भुक्तानी सहजै नपाएकोले देश व्यापी रुपमा आन्दोलनमा जाने छौं ।'

संघका बुटवल शाखा अध्यक्ष बुद्धिराज थापाले पछिल्लो समय निर्माण व्यवसायीहरू गम्भीर आर्थिक संकटमा परेको बताउँदै सरकारको बेवास्ताका कारण धेरै आयोजना प्रभावित भएको बताए । उनले लागतअनुसार भुक्तानी नहुँदा व्यवसायीहरू थप संकटमा पुगेकोले तत्काल व्यावहारिक समाधान सरकारले गनुपर्ने माग गरे ।

निर्माण व्यवसायी महासंघका प्रदेश उपाध्यक्ष नवराज श्रेष्ठले मुलकभर ८ खर्ब र यो प्रदेशमा ३० अर्बभन्दा बढी निर्माण व्यवसायीको बक्यौता एकतर्फ छ भने ८० रुपैयामो बिटुमिन १५० रुपैयाँ पुग्दा समेत सोही मूल्यमा काम गर्ने बाध्यतामा पनि सामान नपाइनु दुःखद अवस्था रहेको बताए । निर्माण व्यवसायी प्रभावित हुँदा देशको सबै क्षेत्रमा प्रभाव पर्ने उनले जनाए ।

'अहिले हामीलाई नाफा घाटाभन्दा पनि काम सक्नु पर्ने लक्ष्य राखे पनि सकिरहेको अवस्था छैन ।'- उनले भने ।

मूल्यवृद्धिको विषयलाई लिएर नेपाल निर्माण व्यवसायी महासंघले पनि सरकारलाई ध्यानाकर्षण गराएको छ । बजारमा निर्माण सामग्रीको मूल्य आकाशिएको छ, तर नेपाल राष्ट्र बैंकको मूल्य सूचकाङ्कले घटेको देखाइदिँदा व्यवसायीहरू थप संकटमा परेको निर्माण व्यवसायीहरुको भनाइ छ। यो प्राविधिक त्रुटिले व्यवसायीलाई ठूलो आर्थिक भार थपेको उनीहरु बताउँछन् ।

महासंघका महासचिव शिवहरि घिमिरेका अनुसार हालै भौतिक पूर्वाधार तथा यातायात मन्त्री सुनिल लम्सालसँग भएको द्विपक्षीय छलफलमा सरकारले मूल्य समायोजनको विषयलाई मन्त्रिपरिषद्मार्फत् छिट्टै सम्बोधन गर्ने प्रतिबद्धता रहेको छ।

मन्त्री लम्सालले मूल्यवृद्धिको समयमा भएका निर्माण कार्यहरूको उचित मूल्याङ्कन गरी मूल्य समायोजन गर्ने र व्यवसायीलाई मर्का पर्न नदिने आश्वासन दिएको महासंघले जनाएको छ।

व्यवसायीहरुले निर्माण क्षेत्रमा तत्काल 'आपतकाल' घोषणा गरी राहत प्याकेज ल्याउनुपर्ने, मूल्य समायोजन मार्ग निर्देशिका-२ तत्काल जारी गर्नुपर्ने, सबै अवधिका ठेक्काहरूको म्याद थप र वैज्ञानिक मूल्य समायोजनको व्यवस्था हुनुपर्ने, नयाँ बोलपत्र दाखिला गर्दा मूल्य समायोजनको प्रावधान अनिवार्य रूपमा लागू हुनुपर्ने माग राखेका छन् ।

सरकारले प्रतिबद्धता र मागहरु छिटो कार्यान्वयन नगरे निर्माण व्यवसायीहरूले कडा आन्दोलनका कार्यक्रमहरू अघि सार्ने चेतावनी समेत दिएका छन् ।

# व्यावसायिक बसन्ते मकैखेती



राँझा । नगदे बालीको रुपमा बिक्री हुन थालेपछि बाँकेका किसान बसन्ते मकैखेतीतर्फ आकर्षित भएका छन् ।

जिल्लाको राप्तीसोनारी गाउँपालिका, खजुरा गाउँपालिका र नेपालगञ्ज उप-महानगरपालिकाका किसानले अहिले धमाधम बसन्ते मकैखेती गर्न थालेको कृषि ज्ञान केन्द्र बाँकेका सूचना अधिकारी वरिष्ठ बागवानी विकास अधिकृत सन्तोष पाठकले जानकारी दिए ।

उनका अनुसार, जिल्लामा अहिले ५६ हेक्टर क्षेत्रफलभन्दा बढी जमिनमा बसन्ते मकैखेती भइरहेको छ। राप्तीसोनारी गाउँपालिकामा साकार कृषि सहकारी संस्थामार्फत् ४६ हेक्टर र खजुरामा खजुरा लिफ्ट सिँचाइ जल उपभोक्ता समूहमार्फत् १० हेक्टरमा व्यावसायिक रुपमै बसन्ते मकैखेती भइरहेको छ। डुडुवा र नेपालगञ्जका किसानले पनि खेती सुरु गरेका छन् ।

"बसन्ते मकै उत्पादन हुनासाथ दाना उद्योगले खेतबाटै उठाउने भएकोले बिक्रीमा समस्या छैन, किसानले नगदे बालीका रुपमा यसलाई उपयोग गर्न थालेका छन्", सूचना अधिकारी पाठकले भने-"कृषि ज्ञान केन्द्रले सिञ्चत क्षेत्र लक्षित बाली सघनता वृद्धि कार्यक्रमअन्तर्गत बसन्ते मकैखेती गर्ने किसानलाई बिउ र प्राविधिक सहयोग गरिरहेको छ, यसमा किसानको आकर्षण बढ्दै गएको छ।"

कृषि ज्ञान केन्द्रले बसन्ते मकैखेती गर्ने किसानलाई मकै छोडाउने यन्त्र, फौजी किरा नष्ट गर्न सुरक्षित विषादी प्रयोगलगायतका तालिम दिँदै आएको पाठकले बताए। किसानले उत्पादन क्षमता बढी भएको भारतीय बिउ प्रयोग गर्दै आएका छन् ।

कम मेहनत र लगानीबाट राम्रो मुनाफा हुने भएकाले यसतर्फ धेरै किसान आकर्षित भएको राप्ती सोनारी गाउँपालिका-६ स्थित साकार कृषि सहकारी संस्था लिका मुख्य व्यवस्थापक जमानसिंह वलीले बताए।

"मकैखेती वर्षमा तीन पटकसम्म गर्न सकिने भएकाले अन्य बालीभन्दा बढी आयआर्जन गर्न सकिन्छ । यसमा पानी कम लाग्छ, रोग-कीरा कम लाग्छ र दैनिक धेरै मिहिनेत पनि आवश्यक पर्दैन", वलीले भने-"मकैको डाँठ पशु चौपायाका लागि घाँसमा खपत हुने भएकाले दोहोरो रूपमा उपयोग गर्न सकिन्छ, कम जोखिम, राम्रो आम्दानी र दिगो सम्भावनाले मकैखेती बाँकेका किसानहरूको रोजाइ बन्दै गएको छ।"

किसानको सहजताको लागि सहकारीले बसन्ते मकैखेती गर्ने किसानलाई कृषि ज्ञान केन्द्रको सहयोग तथा समन्वयमा बिउ, यन्त्र र प्राविधिक सहयोग तथा बजारीकरणको लागि काम गरिरहेको उनको भनाइ छ।





हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईंको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरु नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१



सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com